पञ्चपुरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बावियाचौर, सुर्खेत
कर्णाली प्रदेश नेपाल

# पञ्चपुरी नगरपालिकाको अत्यन्त जरुरी सुचना ॥।

महालेखा नियन्त्रक कार्यालयको मिति २०७७/०३/२१ च.नं.२७२ को पत्रानुसार स्थानीय तहको वित्तिय/आर्थिक व्यवस्थापनका लीगि प्रयोग भइरहेको SUTRA प्रणालीबाट अषाढ मसान्तको राति १२:०० बजे पछि चेक काट्न नमिल्ने गरी बन्द हुने साथै सरकारी कारोवार निर्देशिका २०७६ को अनुसुचि-४२ फाराम नं. १ अनुसार स्थानीय तहबाट अषाढ मसान्त सम्ममा भुक्तानी हुन बाकी चेकहरुको विवरण भरी तयार गर्न लगाई श्रावण ३ गते भित्र सरकारी कारोवार गर्ने बैकमा पठाउन लगाई सो विवरण बमोजिमका चेकहरुको मात्र भुक्तानी हुने जानकारी प्राप्त भएको हुदा पञ्चपुरी नगरपालिका भित्र सञ्चालित सम्पन्न सम्पुर्ण योजनाहरुको भुक्तानी २०७७ अषाढ ३१ गते भित्र लगि सक्नु हुन सरोकारवाला सम्पुर्णको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ। साथै यो सुचनाको अवज्ञा गरी सृजना हुने समस्याको जिम्मेवारी सम्वन्धित उपभोक्ता समिति स्वयंले लिनुपर्ने व्यहोरा समेत सम्वन्धित सवैको जानकारीको लागि समेत अनुरोध गरिन्छ।

हरि प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

पञ्चपुरी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय,
बावियाचौर सुर्खेत।

नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office
(कोष प्रशासन शाखा)

पत्र संख्या: २०७६/७७/४.१
चलानी नं.:२७२

मितिः २०७७।०३।२१

विषय: निर्देशन सम्बन्धमा ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,सबै

प्रस्तुत बिषयमा आ.व.२०७६/०७७ को सालतमामी सम्बन्धमा यस कार्यालयको मिति २०७७/०३/२१ को निर्णय अनुसार तपशिल बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

तपशिल

१.कार्यालयले सम्पादन गर्नुपर्ने सम्पूर्ण कार्य समयमै सम्पन्न गर्न कामको चापलाई मध्यनजर गरी कार्यालय समय अघि पछि समेत सेवा दिने व्यवस्था मिलाउने । साथै महालेखा नियन्त्रक कार्यालयद्वारा व्यवस्थित गरिएका सूचना प्रविधिमा आधारित प्रणालीहरुमा कुनै समस्या देखिएमा महालेखा नियन्त्रक कार्यालयलाई यथाशीघ्र जानकारी गराउने ।

२.जिल्लास्थित कार्यालयहरुका आर्थिक प्रशासन शाखामा कार्यरत कर्मचारीहरु तथा सरकारी कारोवार गर्ने बैंकहरुसँग समेत आवश्यक समन्वय र सहकार्य गरी समयमै आर्थिक कारोबारसँग सम्बन्धित कार्य सम्पादन हुने व्यवस्था मिलाउने ।

३. महालेखा नियन्त्रक कार्यालयले फ्रिज नहुने भनी तोकेको उपशीर्षकहरु बाहेकका उपशीर्षकहरुमा खर्च नभई बाँकी रहेको निकासा रकम चालु आ.ब.भित्रै कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता हुने व्यवस्था मिलाउने ।

४. साल तमाम हुनु भन्दा कम्तीमा सात दिन अगावै सम्बन्धित कार्यालयहरुले कोष तथा लेखा नियन्त्रक कार्यालयवाट निकासा/भुक्तानी लिई आर्थिक कारोवार बन्द गर्ने/गराउने व्यवस्था गर्ने, गरे नगरेको निरीक्षण गरी नगरेको पाईएमा बन्द गर्न लगाउने । तर कार्यालयलाई अति आवश्क काम परी सो खर्च गर्नु पर्ने भएमा कोष तथा लेखा नियन्त्रक कार्यालयको स्वीकृतिमा निकासा लिने व्यवस्था मिलाउने ।

५.२०७७ असार मसान्तसम्म बजेट खर्च खाता (विजोर बर्ष) र २०७७ श्रावण १ गते देखि बजेट खर्च खाता (जोर वर्ष) बाट भुक्तानी हुने व्यवस्था मिलाई बजेट खर्च खाता बिजोर बर्षका लागि २०७७ असार मसान्तसम्म काटिएका भुक्तानी हुन बाँकी चेकहरुको विवरण २०७७ श्रावण ३ गते भित्र सरकारी कारोवार


अनामनगर, काठमाडौं, फोन नं. ०१-४७७११४०
फ्याक्स नं.- ०१-४७७०३८६, E-mail: sdrc@fcgo.gov.np, Website: www.fcgo.gov.np

गर्ने बैंकमा पठाई चेकहरु भुक्तानी हुने व्यवस्था मिलाउने । स्थानीय तहको हकमा बुँदा नं. १३ अनुसार गर्ने ।

६.आ.व.२०७६/०७७ मा जारी भएका श्रोतमा करकट्टि वा ६.५ प्रतिशत मु.अ.करकट्टि लगायतका सरकारी खर्चसँग सम्बन्धित सबै किसिमका राजश्वको चेक असार मसान्त भित्रै जम्मा गरी सक्ने व्यवस्था मिलाउने ।

७. आ.व.२०७६/०७७ मा धरौटी तथा कार्य संचालन कोषहरुमा जम्मा हुने गरी जारी भएका चेकहरु आर्थिक वर्ष भित्र नै सम्बन्धित खातामा जम्मा हुने व्यवस्था मिलाउने ।

८.२०७७ असार मसान्तसम्म बैंकले चेक साटेको तर **Bank Statement** मा उल्लेख नभएको लगायतका कारणले **Day Close** मा नपरेका चेकहरु भए यकिन गरी बैंकसँग समन्वय गरी प्राप्त प्रमाणको आधारमा **Day Close** मा समावेश गरी बैंकलाई सोधभर्ना दिने । तर म्याद समाप्त भई नसाटिएका चेकहरु रहेको भएमा आ.व.२०७६/७७ भित्रै **TSA/DECS** मा **REFUND** गरी भुक्तानी/निकासा घटाई सम्पूर्ण हिसाव मिलान गर्ने ।

९.सोझै भुक्तानीको खर्चलाई सम्बन्धित कार्यालयबाट विवरण प्राप्त गरी आ.व.२०७६/७७ भित्रै **TSA/DECS** मा प्रविष्टि गर्ने व्यवस्था मिलाउने ।

१० स्थानीय तहको वित्तीय/आर्थिक व्यवस्थापनका लागि प्रयोग भैरहेको स्थानीय तह सञ्चित कोष प्रणाली **(SuTRA)** आ.व.को मसान्तको दिन रातको १२:०० बजे पश्चात चेक काट्न नमिल्ने गरी बन्द हुने भएकोले सो अगावै स्थानीय तहसँग सम्बन्धित सम्पुर्ण आर्थिक कारोबार **SuTRA** प्रणालीमा नै अद्यावधिक हुने व्यवस्थाका लागि स्थानीय तहसँग समन्वय गर्ने ।

११. स्थानीय तहहरुमा हस्तान्तरण हुने समानीकरण, सशर्त, समपुरक तथा विशेष अनुदानहरुको **LMBIS** अनुसारको बार्षिक बजेट तथा को.ले.नि.का. एकल खाता कोष प्रणाली अनुसारको निकासा/भुक्तानीसँग स्थानीय तहको प्रतिवेदनसँग भीडान गरी अद्यावधिक हुने व्यवस्था मिलाउने ।

१२. स्थानीय तह विभाज्य कोष खातामा जम्मा भएको राजश्व रकम नियमानुसार बाँडफाँड गरी आर्थिक वर्षको अन्त्य सम्ममा शुन्य मौज्दात बनाउन जिल्लास्थित स्थानीय तहहरुसँग समन्वय गर्ने ।


अनामनगर, काठमाडौं, फोन नं. ०१-४७७११४०
फ्याक्स नं.- ०१-४७७०३८६, E-mail: sdrc@fcgo.gov.np, Website: www.fcgo.gov.np

नेपाल सरकार

अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

# Financial Comptroller General Office

(कोष प्रशासन शाखा)

१३. स्थानीय तहहरुका खर्च तथा कार्य सञ्चालनस्तरका खाताहरुबाट असार मसान्तसम्ममा काटिएका तर बैंकबाट सटही हुन बाँकी चेकहरुको विवरण सरकारी कारोवार निर्देशिका,२०७६ को अनुसुचि-४२ फारम नं.१ अनुसार स्थानीय तहबाट तयार गर्न लगाई श्रावण ३ गते भित्र सरकारी कारोवार गर्ने बैंकमा पठाउन लगाई सो विवरण बमोजिमका चेकहरुको मात्र नियमित रुपमा भुक्तानी हुने व्यवस्थाका लागि आवश्यक समन्वय गर्ने साथै उक्त विवरण को बोधार्थ प्रति कोष तथा लेखा नियन्त्रक कार्यालयमा प्राप्त गरी स्थानीय तहको नियमानुसारका प्रतिवेदन भिडान गर्ने तथा रकम फिर्ता भए नभएको एकीन गर्ने मूल कागजातका रुपमा अभिलेख राख्ने ।

कृष्णराज पौडेल

लेखा अधिकृत